# प्रदेश राजपत्र

प्रदेश नं. १, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) विराटनगर, नेपाल, भाद्र ३१ गते, २०७९ साल (अतिरिक्ताङ्क १९

## भाग २

### प्रदेश सरकार

### प्रदेश नं. १, विराटनगर, नेपाल

### यातायात व्यवस्था तथा सञ्चार मन्त्रालयको सूचना

## पत्रकारिता छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०७९

<u>प्रास्तवना</u>ः पत्रकारिता क्षेत्रलाई थप अध्ययन तथा खोजमूलक बनाउदै यस बिधामा व्यवस्थापकीय ज्ञान, सीप र क्षमता अभिवृद्धि गरी योग्य, निष्पक्ष मर्यादित, व्यवसायिक र जवाफदेही पत्रकार जनशक्ति उत्पादन गर्न प्रदेश सरकारबाट

आन्तरिक मामिला तथा ... लय, प्रदेश नं. १

स्नातकोत्तर तह अध्ययनको लागि प्रदान गरिने छात्रवृत्ति वितरणको प्रकृयागत कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश सरकार (मन्त्रिपरिषद्) ले प्रदेश विनियोजन ऐन, २०७९ को दफा ९ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "पत्रकारिता छात्रिवृत्ति सम्वन्धी कार्यविधि,२०७९" रहेको छ।

(२) यो कार्यविधि प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषा**ः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "**आवेदन**" भन्नाले मन्त्रालयले आव्हान गरेको आवेदन सम्झनु पर्छ।

(ख) "**कार्यविधि**" भन्नाले पत्रकारिता छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०७९ लाई सम्झनु पर्छ।

(ग) "**घाईते**" भन्नाले शसस्त्र द्धन्द तथा लोकतान्त्रिक आन्दोलनको क्रममा घाईते भई अशक्त वा अंगभंग भएको व्यक्तिलाई सम्झनु पर्छ।

(घ) "**छात्रवृत्ति**" भन्नाले यस कार्यविधि बमोजिम प्रदेश सरकारले उपलब्ध गराएको पत्रकारिता पत्रकारिता छात्रवृतिलाई सम्झनु पर्छ।

(ङ) "**पत्रकारिता**" भन्नाले समाचार तथा विकासमूलक सामग्री प्रकाशन गर्ने छापा वा विद्युतीय माध्यमलाई सम्झनु पर्छ।

(च) "**मन्त्रालय**" भन्नाले सञ्चार हेर्ने प्रदेश सरकार अन्तर्गतको मन्त्रालयलाई सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(छ) "**मन्त्री**" भन्नाले सञ्चार सम्बन्धी विषय हेर्ने प्रदेश सरकार अन्तर्गतको मन्त्रालयको मन्त्रीलाई सम्झनु पर्छ।

(ज) "**सरकार**" भन्नाले प्रदेश नं. १ सरकारलाई सम्झनु पर्छ।

(झ) "**समिति**" भन्नाले दफा ८ बमोजिमको सिफारिस समितिलाई बुझ्नु पर्छ।

३. **छात्रवृत्ति प्रदान गरिने:** (१) प्रदेश सरकारले प्रत्येक वर्ष दफा ३ बमोजिम योग्यता पुगेका नेपालीनागरिकलाई यस कार्यविधिको अधिनमा रही छात्रवृत्ति उपलब्ध गराउनेछ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्ति उपलब्ध गराईने संख्या र रकम सो प्रयोजनको लागि विनियोजन भएको बजेटको अवस्थालाई विचार गरी मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

(३) उपदफा (२) बमोजिम मन्त्रालयले छनौट गरेका उम्मेद्धवारलाई अध्ययन अवधिभर पाँच जनालाई जनही रु. दुई लाखसम्म दुई किस्तामा छात्रवृत्ति उपलब्ध गराउनेछ।

४. **योग्यता र शर्तहरु:** देहायका योग्यता भएका प्रदेश भित्रका नेपाली नागिरकले छात्रवृत्ति प्राप्तगर्न आवेदन गर्न सक्नेछन:-

(क) पत्रकारितामा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको,
(ख) प्रदेश भित्र स्थायी बसोबास भएको,
(ग) २१ वर्ष उमेर पुरा भएको,
(घ) सरकारी शिक्षण संस्थाबाट स्नातक उत्तीर्ण गरेको,
(ङ) कबुलियतनामा गरेको।

५. **छात्रवृत्ति प्रदान नगरिने:** देहायको अवस्थामा छात्रवृत्ति प्रदान गरिने छैन:-

(क) विदेशमा अध्ययन गर्न,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(ख) नेपाल सरकारको वा नेपाल सरकारलाई प्राप्त भएको कुनै छात्रवृत्ति प्राप्त गरिरहेको,

(ग) कुनै शिक्षण संस्थाबाटै छात्रवृत्ति प्राप्त गरिरहेको,

(घ) कुनै फौजदारी कसूरमा दोषी सावित भएको।

६. **छात्रवृत्ति प्रदान गरिने तह र विधाः** प्रदेशभित्रका मान्यता प्राप्त सरकारी शैक्षिक संस्थामास्नातकोत्तर तहमा पत्रकारिता विधामा अध्ययन गर्नेको लागि दफा ४ बमोजिमको योग्यता पुरा गरेका विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिनेछ।

७. **सम्झौता रद्द गरिनेः** समितिले देहाय बमोजिमको अवस्थामा यस कार्यविधि बमोजिम प्रदानगरिएको छात्रवृत्ति रद्द गर्नेछः-

(क) झूट्टा विवरण पेश गरेमा,

(ख) अध्ययनको त्रैमासिक विवरण समयमा मन्त्रालयमा नबुझाएमा,

(ग) वार्षिक नतिजाको प्रमाणपत्र वा प्रगति प्रतिवेदन चित्त बुझ्दो नभएमा,

(घ) तोकिएको भन्दा बढी रकम प्राप्त गरी फिर्ता नगरेमा,

(ङ) अध्ययन पूरा नगरेमा,

(च) फौजदारी कसुरमा दोषी प्रमाणित भएमा,

(छ) शिक्षण संस्थाको नियम पालना नगरेमा,

(ज) सम्बन्धित शिक्षण सस्थाबाट निष्काशित भएमा,

(ञ) निजले अध्ययन गर्न असमर्थ रहेको भनी मन्त्रालयमा मनासिब कारण सहित निवेदन दिएमा,

(ट) शोधपत्र नबुझाएमा।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ९

८. **सिफारिस समितिः** (१) छात्रवृत्ति सम्बन्धी समन्वय, सहजीकरण तथा सिफारिस गर्न देहाय बमोजिमको छात्रवृत्ति सिफारिस समिति रहनेछः-

(क) प्रशासन महाशाखा प्रमुख, मन्त्रालय -अध्यक्ष

(ख) मन्त्रालयले मनोनयन गरेको कम्तिमा एक जना महिलासमेत दुई जना विशेषज्ञ पत्रकार -सदस्य

(ग) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रतिनिधि -सदस्य

(घ) अधिकृतस्तर सातौं/आठौं, मन्त्रालय (सञ्चार शाखा हेर्ने) -सदस्य सचिव

(२) छात्रवृत्ति निर्धारण गर्दा समितिले आवश्यक देखेमा सम्बन्धित क्षेत्रको कुनै विशेषज्ञलाई सो समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

९. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) छात्रवृत्तिको सूचना प्रकाशन गर्न सिफारिस गर्ने,

(ख) रीतपूर्वक परेको आवेदन समितिमा परेको तीस दिनभित्र छात्रवृत्तिका लागि सिफारिस गर्ने,

(ग) छात्रवृत्ति प्रदान गर्ने सम्बन्धमा मन्त्रालयलाई सुझाव दिने,

(घ) छात्रवृत्तिको अवधि थप्न सिफारिस गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं.

(ङ) छात्रवृत्ति प्रदान गर्ने सम्बन्धमा आवश्यक मापदण्ड निर्माण गर्ने,

(च) प्रत्येक वर्ष छात्रवृत्ति प्रदान गरिने संख्या तथा रकम तथा भुक्तानी एकिन गर्ने,

(छ) छात्रवृत्ति प्रदान गर्न विभिन्न निकायहरुबीच समन्वय कायम गर्ने,

(ज) छात्रवृत्तिको विषय परिवर्तन गर्न सिफारिस गर्ने,

(झ) यस कार्यविधिको उदेश्य पूरा गर्न आवश्यक देखिएका अन्य काम गर्ने।

१०. <u>छात्रवृत्तिका लागि सूचना आव्हान र निवेदन पेशः</u> (१) दफा ३ बमोजिमको योग्यता पुगेका पत्रकारिता विषयमा अध्ययन गर्न चाहने व्यक्तिहरुलाई एक महिनाको समय दिई प्रत्येक वर्ष असोज पहिलो हप्ता मन्त्रालयले राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ। त्यस्तो सूचना मन्त्रालयको वेबसाईटमा समेत राख्नु पर्नेछ।

(२) दफा ४ बमोजिमको योग्यता र शर्त पुगेका उम्मेद्धवारले अनुसुची -१बमोजिमको ढाँचामा मन्त्रालयमा निवेदन दिनुपर्नेछ।

११. <u>छात्रवृत्तिका लागि छनौट गर्नेः</u> (१) दफा ८ बमोजिमको समितिको सिफारिसमा मन्त्रालयले विनियोजित बजेट र संख्यालाई समेत आधार लिई छात्रवृत्ति प्रदान गर्नको लागि उम्मेद्धवार छनौट गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम छनौट भएका उम्मेद्धवारको नामावली मन्त्रालयले राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ। त्यस्तो सूचना मन्त्रालयको वेबसाईटमा समेत राख्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(३) मन्त्रालयले उपदफा (१) बमोजिम छात्रवृत्ति प्रदान गरिने उम्मेद्धवारको छनौट गर्दा वीस प्रतिशतसम्म वैकल्पिक सूची समेत प्रकाशन गर्नुपर्नेछ।

(४) दफा ८ बमोजिमको समितिले अनुसूची-३ बमोजिमको ढाँचामा मन्त्रालयलाई छात्रवृत्ति छनौट सूचना दिनुपर्नेछ।

१२. <u>उजुरी गर्न सक्नेः</u> (१) मन्त्रालयले छनौट गरेको निर्णय उपर चित्त नबुझ्ने पक्षले निर्णय भएको मितिले पन्ध्र दिनभित्र ठोस आधार र कारणसहित मन्त्रालयमा उजुरी दिन सक्नेछ। यसरी परेको उजुरी उपर सुनुवाई गर्न मन्त्रालयले देहाय बमोजिमको उजुरी समिति गठन गरी छानविन गर्नेछः-

(क) सचिव, मन्त्रालय - संयोजक

(ख) अध्यक्ष, प्रदेश पत्रकार महासंघ - सदस्य

(ग) कानून अधिकृत,मन्त्रालय - सदस्य सचिव

(२) उपदफा (१) बमोजिम परेको उजुरीको सम्बन्धमा मन्त्रालयले उजुरी सुनुवाईको म्याद समाप्त भएको मितिले पन्ध्र दिनभित्र छानवीन गरी निर्णय दिनु पर्नेछ।

१३. <u>छात्रवृत्ति सिफारिस तथा छनौटको मापदण्ड र आधारः</u> मन्त्रालय तथा समितिले देहाय बमोजिमको मापदण्ड र आधारमा उच्च अङ्क प्राप्त गर्ने व्यक्ति मध्येबाट छात्रवृत्ति प्राप्त गर्ने उम्मेदवारको छनौट गर्नेछः-

क. <u>समावेसीका आधार तथा मापदण्डका लागि साठी अङ्कः</u>

१. एकल महिला भएको प्रमाण पेश गरेमा -दश

२. दलितका लागि -दश

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

३. अपाङ्गको परिचय पत्र पेश गरेमा -दश

४. घाइतेको प्रमाण पेश गरेमा -पाँच

५. आदिवासी तथा जनजातीका लागि -पाँच

६. मधेसी, थारु तथा मुस्लिमका लागि -पाँच

७. विपन्न भनी सिफारिस भएकाको खस आर्यका हकमा -पाँच

८. महिलाका लागि -पाँच

९. यौनिक अल्पसंख्यकको लागि - पाँच

ख. <u>शैक्षिक योग्यताका आधार र मापदण्डका लागि चालिस अङ्कः</u>

१. एस.एल. सी./ एस. ई. ई.मा प्रथम श्रेणी वा बी प्लस भन्दा माथि ग्रेड भए पाँच अङ्क, द्धितीय श्रेणी वा सि भन्दा माथि ग्रेड भए तीन अङ्क र तृतीय श्रेणी भए वा सि भन्दा तलको ग्रेड भए एक अङ्क दिईनेछ।

२. प्रमाणपत्र तह/प्लस टुमा वा बी प्लस भन्दा माथि ग्रेड भए दश अङ्क, द्धितीय श्रेणी वा सि भन्दा माथि ग्रेड भए पाँच अङ्क र तृतीय

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं.१

श्रेणी भए वा सि भन्दा तलको ग्रेड भए दुई अङ्क दिईनेछ।

३. स्नातक/सेमेस्टर प्रणाली मा प्रथम श्रेणी वा बी प्लस भन्दा माथि ग्रेड भए पच्चीस अङ्क, द्धितीय श्रेणी वा सि भन्दा माथि ग्रेड भए पन्ध्र अङ्क र तृतीय श्रेणी भए वा सि भन्दा तलको ग्रेड भए दश अङ्क दिईनेछ।

१४. <u>योग्यताक्रमको सूची कायम रहनेः</u> छात्रवृत्ति प्रदान गर्ने प्रयोजनको लागि प्रकाशित योग्यताक्रमको मान्यता त्यस्तो योग्यताक्रमको सूची प्रकाशन भएको मितिले एक वर्षसम्म कायम रहनेछ।

१५. <u>कबुलियतनामा गर्नु पर्नेः</u> (१) छात्रवृत्तिमा छनौट भएका उम्मेदवारसँग उजुरीको म्याद समाप्त भएपछि अनुसूचि -२ बमोजिमको ढाँचामा तीन प्रति कबुलियतनामा गरी मन्त्रालयमा बुझाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कबुलियतनामामा अन्य कुराको अतिरिक्त छात्रवृत्ति प्राप्त गरी अध्ययन पूरा नगरेमा, अध्ययनको वार्षिक रुपमा प्रगति विवरण नबुझाएमा, अन्य संस्था वा निकायबाट छात्रवृत्ति प्राप्त गरेकोमा, दोहोरो पर्ने गरी छात्रवृत्ति स्वीकार भएमा तथा विषय परिवर्तन गरेमा छात्रवृत्तिको रुपमा प्राप्त गरेको रकम तथा सोको प्रचलित व्याज रकम समेत सरकारी बाँकी सरह असूल उपर गरिनेछ।

(३) उपदफा (१) बमोजिम गरिएको कबुलियतनामाको एकप्रति मन्त्रालयमा राखी एक प्रति सम्बन्धित बिद्यार्थीलाई दिई अर्कोप्रति सम्वन्धित शिक्षण संस्थालाई पठाईनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

१६. **वैकल्पिक सूचीमा परेको विधार्थीलाई छात्रवृति प्रदान गरिनेः** (१) छात्रवृत्तिको लागि छनौट भएको विद्यार्थीले त्यस्तो छात्रवृत्ति लिन नचाहेमा वा कबुलियतनामा गर्न नआएमा वैकल्पिक सूचीमा भएका विद्यार्थीलाई योग्यताक्रम अनुसार सोही आर्थिक वर्षभित्र समावेश गरी छात्रवृत्ति प्रदान गरिनेछ।

(२) वैकल्पिक सूचीमा परी उपदफा (१) बमोजिम छात्रवृति पाउने उम्मेदवारले छात्रवृत्ति प्रदान गरिने सम्बन्धी सूचना प्रकाशन भएको मितिले पन्ध्र दिनभित्रमा अनुसूचि -२ बमोजिमको ढाँचामा कबुलियतनामा गरी सक्नु पर्नेछ।

१७. **अभिलेख राखिनेः** (१) देहायका विवरण अद्यावधिक गरी अभिलेख तयार गरी राख्नु पर्नेछः-

(क) समितिको सचिवालयले छात्रवृत्ति प्रदान गरिएका उम्मेद्धवारको तिन पुस्ते विवरण,

(ख) झुट्टा विवरण दिने उम्मेद्धवारको विवरण,

(ग) छात्रवृत्तिमा छनौट भएर अध्ययन गर्न नजाने व्यक्तिको विवरण,

(ङ) छात्रवृत्ति भुक्तानी विवरण,

(च) यस कार्यविधि बमोजिम सजाय पाएका व्यक्तिको विवरण।

१८. **छात्रवृतिको रकम भुक्तानीः** (१) दफा १५ बमोजिम कबुलियतनामा गरी सम्बन्धित शिक्षण संस्थामा नाम रजिष्ट्रेशन भएपछि सम्बन्धित शिक्षण सस्थाको सिफारिसका आधारमा प्रथम किस्ता बापत चालिस प्रतिशत रकम छात्रवृत्तिको रुपमा भुक्तानी गरिनेछ।दोस्रो किस्ता वा अन्तिम किस्ता रकम अन्तिम परीक्षा हुनु अगावै भुक्तानी गरिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(२) उपदफा (१) बमोजिमको छात्रवृत्तिको रकम सम्बन्धित शिक्षण सस्थालाई बील बमोजिम वा खातामा सोझै विद्युतीय माध्यमबाट भुक्तानी गर्न सकिनेछ।

१९. <u>विषय वा संकाय परिवर्तन गर्न नपाउनेः</u> (१) छात्रवृत्तिमा छनौट भई अध्ययन गरिरहेको विद्यार्थीले अध्ययनको निमित्त छात्रवृत्ति पाएको विषय वा संकाय परिवर्तन गर्न पाउने छैन।

(२) उपदफा (१) मा जेसुकै कुरा लेखिएको भएतापनि त्यसरी अध्ययन गरेको विषय परिवर्तन गर्नु पर्ने स्पष्ट कारण देखाई मन्त्रालय समक्ष निवेदन दिएमा र सो विषय परिवर्तन गर्न मनासिव देखिएमा मन्त्रालयले विषय परिवर्तनको स्वीकृति दिन सक्नेछ।

२०. <u>अध्ययन गर्ने शिक्षण संस्थाः</u> (१) प्रदेशभित्रका मान्यता प्राप्त सरकारी शिक्षण संस्थामा मात्र छात्रवृत्तिमा अध्ययनको लागि सिफारिस गरिनेछ।

(२) उपदफा (१) बमोजिम प्रदेशभित्र अध्ययन गर्ने मान्यता प्राप्त सरकारी शैक्षिक संस्था नभए मान्यता प्राप्त निजी शैक्षिक संस्थामा अध्ययनको लागि सिफारिस गर्नु पर्नेछ। तर यस्तो शिक्षण संस्था कालो सूचीमा नपरेको हुनुपर्नेछ।

(३) उपदफा (२) मा जेसुकै कुरा लेखिएको भएतापनि प्रदेशभित्र छात्रवृत्तिमा छनौट भई त्यस्तो अध्ययन गर्ने मान्यता प्राप्त सरकारी शिक्षण संस्था नभए सो विषयसँग सम्बन्धित मान्यता प्राप्त सरकारी शैक्षिक संस्थामा अध्ययनको लागि नेपालभर सिफारिस गर्न कुनै बाधा पर्नेछैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

२१. **छात्रवृत्तिको समयावधि थप गर्न सक्ने:** (१) मन्त्रालयले देहायको अवस्थामा अध्ययन गर्न छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको छात्रवृत्तिको समय बढीमा एक वर्ष थप गर्न सक्नेछः-

(क) छात्रवृत्तिमा अध्ययन गर्न विद्यार्थीले सम्बन्धित शिक्षण संस्थाको सिफारिस सहित मन्त्रालयमा निवेदन दिएमा,

(ख) कुनै काबु बाहिरको परिस्थिति उत्पन्न भई अध्ययन पूर्व निर्धारित समयमा सम्पन्न हुन नसक्ने कारण सहित सम्बन्धित शिक्षण संस्था र मन्त्रालयमा निवेदन दिएमा।

(२) उपदफा (१) मा जेसुकै कुरा लेखेको भएतापनि म्याद थपको निमित्त निवेदन परेमा आर्थिक व्ययभार नपर्ने र भविष्यमा प्राप्त हुने छात्रवृत्तिलाई असर नपर्ने भए मात्र म्याद थप गर्न स्वीकृति दिन सक्नेछ।

२२. **शिक्षण संस्थाको नियम लागू हुने:** (१) अध्ययन छात्रवृत्ति प्राप्त गर्ने व्यक्तिले शिक्षण संस्थाले कलेजले निर्धारण गरेको नियमहरुको पूर्ण रूपमा पालना गर्नु पर्नेछः-

(२) अध्ययनको लागि प्रवेश परीक्षा उत्तीर्ण गर्नुपर्ने भनी शिक्षण संस्थाले तोकेको भएमा छात्रवृत्ति प्राप्त गर्ने व्यक्तिले उक्त परीक्षा उत्तीर्ण गरेको हुनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रवेश परीक्षा उत्तीर्ण नगर्ने छात्रवृत्तिमा छनौट भएका व्यक्ति स्वतः अध्ययनको अवसरबाट बञ्चित हुनेछ।

२३. **प्रतिवेदन पेश गर्नुपर्ने:** यस कार्यविधि बमोजिम छात्रवृत्तिमा छनौट भई अध्ययनरत विद्यार्थीले अर्धबार्षिक रुपमा प्रगति विवरण मन्त्रालयमा उपलब्ध गराउनु पर्नेछ। छात्रवृत्ति प्राप्त गरेको विषयको अध्ययन पुरा गरी प्रमाणपत्र प्राप्त गरेको एक महिनाभित्र अनुसूचि -४ को ढाँचामा समग्र प्रतिवेदनसँगै प्रमाणपत्रको प्रतिलिपि मन्त्रालयमा पेश गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

२४. **छात्रवृत्ति फिर्ता गर्न सक्नेः** देहायको अवस्थामा मन्त्रालयले जुनसुकै विद्यार्थीलाई प्रदान गरेको छात्रवृत्ति फिर्ता गर्न सक्नेछः-

(क) वार्षिक नतिजाको प्रमाणपत्र वा प्रगति प्रतिवेदन समयमा नबुझाएमा,

(ख) वार्षिक नतिजाको प्रमाणपत्र वा प्रगति प्रतिवेदन चित्त बुझ्दो नभएमा,

(ग) बिना कारण अध्ययन बिचैमा छाडेमा,

(घ) फौजदारी कसुरमा दोषी प्रमाणित भएमा,

(ङ) शिक्षण संस्थाको नियम पालना नगरेमा,

(च) सम्बन्धित शिक्षण सस्थाबाट निस्कासित भएमा।

२५. **पुनः छात्रवृत्तिमा छनौट नगरिनेः** (१) कुनै विद्यार्थीले छात्रवृत्ति प्राप्त गरेको विषयको अध्ययन पूरा नगरी छाडेमा वा छात्रवृत्ति प्राप्त गरेर पनि अध्ययनमा सामेल नभएमा वा यस कार्यविधि बमोजिम सजाय पाएको व्यक्तिलाई प्रदेश सरकारबाट प्रदान गरिने वा प्रदेश सरकारलाई प्राप्त हुने अन्य कुनै पनि छात्रवृत्तिमा छनौट गरिने छैन।

(२) कुनै व्यक्तिले झुठ्ठा विवरण पेश गरी दरखास्त दिएको पाईएमा निजलाई दुई वर्षसम्म छात्रवृत्तिको लागि दरखास्त दिन अयोग्य हुने गरी सूचीकृत गरिनेछ।

(३) समितिको सचिवालयले छात्रवृत्ति प्राप्त गरेको विषयको अध्ययन पूरा नगरी छाड्ने वा छात्रवृत्ति प्राप्त गरेर पनि अध्ययनमा सामेल नभएमा वा यस कार्यविधि बमोजिम सजाय पाएको व्यक्तिको विवरण अध्यावधिक गराई राख्नेछ र सोको एक प्रति मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई समेत उपलब्ध गराउनेछ।

२६. **सहयोग गर्नु पर्नेः** मन्त्रालय तथा समितिको काममा आवश्यक सहयोग गर्नु सबै कार्यालय र शिक्षण संस्थाको कर्तव्य हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

२७. **<u>अनुगमन गर्ने:</u>** (१) छात्रवृत्ति पाएर अध्ययन गरिरहेका विद्यार्थीको सम्वन्धित क्याम्पस वा शिक्षण संस्थामा समय समयमा मन्त्रालयले नियमित तथा आकस्मिक अनुगमन तथा निरीक्षण गर्न सक्नेछ।

(२) अनुगमन तथा निर्देशनको प्रतिवेदन अनुगमनकर्ताले मन्त्रालयमा पेश गर्नुपर्नेछ।

(३) मन्त्रालयले अनुगमन तथा निरीक्षण गरी सम्वन्धित विद्यार्थीलाई आवश्यक निर्देशन दिन सक्नेछ।

२८. **<u>प्रदेश सरकारले काममा खटाउन सक्ने:</u>** (१) यस कार्यविधि बमोजिम छात्रवृत्ति प्राप्त गरी अध्ययन गर्ने विद्यार्थीलाई अध्ययन सकेपछि प्रदेश सरकारले प्रदेश सरकार वा प्रदेश सरकारको कुनै संस्था वा निकायको काममा खटाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदेश सरकारले खटाएको काममा संलग्न हुनु सम्बन्धित विद्यार्थीको कर्तव्य हुनेछ।

(३) प्रदेश सरकारले उपदफा (१) बमोजिम काममा खटाएको अवधिको लागि उचित पारिश्रमिक दिनेछ।

२९. **<u>बाधा अड्काउ फुकाउन सक्ने:</u>** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा वा दुविधा वा अड्चन परेमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

३०. **<u>प्रचलित कानून बमोजिम हुने:</u>** यस कार्यविधिमा उल्लेख भएको विषयको हकमा यसै बमोजिम र अन्यको कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

३१. **<u>संशोधन:</u>** यस कार्यविधिमा मन्त्रालयले आवश्यक संशोधन गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं.

**अनुसूची -१**
**(दफा १० सँग सम्बन्धित)**
**छात्रवृत्ति उपलब्ध गराइ पाउँ भन्ने निवेदन ढाँचा**

| कार्यालय प्रयोजनको लागि मात्र विद्यार्थीको कोड नं. |
|---|

| पासपोर्ट साइजको फोटो |
|---|

श्रीमान् सचिवज्यू,
यातायात व्यवस्था तथा सञ्चार मन्त्रालय,
प्रदेश नं.१, विराटनगर।

**विषयः छात्रवृत्ति उपलब्ध गराइ पाउँ।**

| | | | | | |
|---|---|---|---|---|---|
| नामः(नेपालीमा) | | | | | लिङ्गः |
| नामः(अग्रेजीमा) | | | | | |
| नागरिकता नं. | | जारी गर्ने जिल्लाः | | | जारी मिति |
| स्थायी ठेगानाः | प्रदेश | जिल्ला | गा.पा./न.पा. | | |
| | वडा नं. | टोल | सम्पर्क नम्बर | | |
| बाबुको नाम,थर | | | | | बाबुको पेसाः |
| आमाको नाम,थर | | | | | आमाको पेसाः |
| बाजेको नाम,थर | | | दरखास्त दिने मितिमा आवेदकको उमेर | | |
| निवेदकको जन्म मितिः | | | | | |
| शैक्षिक योग्यताको विवरण | | | | | |
| योग्यता | विद्यालय | | उत्तीर्ण गरेको साल | | प्राप्ताङ्क(प्रतिशत/CGPA) |
| कक्षा १०(SEE) | | | | | |
| कक्षा १२ | | | | | |
| अन्य | | | | | |
| विद्यार्थीको पेशा (भएमा) | | | | | |
| अध्ययनरत शैक्षिक संस्था | | | | | |
| | | | | | |

माथि लेखिएको विवरण साँचो हो, झुट्टा ठहरे कानून बमोजिम सहुँला/बुझाउँला।

| औठाको छाप | |
|---|---|
| | |
| दायाँ | वायाँ |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

हस्ताक्षर

मितिः

<u>संलग्न कागजातहरू:</u>

१.

२.

३.

यसमा लेखिएको व्यहोरा ठीक साँचो हो। झुट्टा ठहरिए कानून बमोजिम सहुँला, बुझाउँला।

<u>निवेदकको:</u>

सहीः...............

नाम, थरः...............

स्थायी ठेगानाः......................

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

अनुसूची -२
(दफा १५ सँग सम्वन्धित)
**कबुलियतनामा**

श्री .............................................को नाति/नातिनि श्री .......................... को छोरा /छोरी जिल्ला ......................... गाउँपालिका/नगरपालिका/महानगरपालिका ............................... वडा नं. ................ मा स्थायी बसोबास भएको मिति ................................वि.स. मा जन्मेको म स्नातकोत्तर तहको पत्रकारिता विषयमा अध्ययनको लागि ......................... सम्बन्धमा छात्रवृत्तिमा छनौट भएकोले **पत्रकारिता छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०७९** बमोजिम गर्नु पर्ने सम्पूर्ण काम गर्नेछु, नियम र आचारसंहिता पालना गर्नेछु। सो बमोजिम नगरे मैले छात्रवृत्ति वापत पाएको रकम र व्याजसहित एकमुष्ट रुपमा मेरो घर घरानाबाट सरकारी बाँकी सरह असूल गरेमा मेरो मञ्जुरी भएकोले दाँया बाँया ल्याप्चे सहिछाप गरी कबुलियतनामा गराउने अधिकारीको रोहबरमा कबुलियतनामा गरी मन्त्रालयलाई बुझाएँ।

ल्याप्चे सहीछाप

| दायाँ | वायाँ |
|---|---|
| | |

रोहवर

सहीः

नाम, थरः

पदः सदस्य सचिव

मितिः

छात्रवृत्ति पाउनेको

सही

नाम,थरः

ठेगानाः

मोबाईल नम्बरः

मितिः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

अनुसूची -३

(दफा ११ सँग सम्वन्धित)

स्नातकोत्तर छात्रवृत्तिको लागि छनौट गर्ने फारामको ढाँचा

श्रीमान् सचिवज्यू,
यातायात व्यवस्था तथा सञ्चार मन्त्रालय,
प्रदेश नं.१, बिराटनगर

**विषयः- स्नातकोत्तर छात्रवृत्तिको लागि छनौट गरिएको बारे।**

यातायात व्यवस्था तथा सञ्चार मन्त्रालय प्रदेश नं.१ द्वारा मिति ............... मा प्रकाशित सार्वजनिक सूचना अनुसारको दरखास्त परेका उम्मेद्धवारहरुको समितिलाई प्राप्त विवरण तथा कागजातहरुको अध्ययनग री छनौट समितिको बैठक बसी श्री ................................. लाई स्नातकोत्तर तहको छात्रवृत्तिको लागि छनौट गर्दछु/ गर्दछौ/गर्दछ ।

अ. छनौट गरिएको उम्मेद्धवारकोः

१. नाम, थरः.................................. लिङ्गः.......................................

२. ठेगानाः

(क) स्थायीः प्रदेश .....................जिल्लाः.......................गा.पा./न.पा...........वडा नं......टोलः.........................................मोबाईल नं..................................

(ख) अस्थायीः प्रदेश .....................जिल्लाः.....................गा.पा./न.पा...........वडा नं........टोलः................................मोबाईल नं.................................

३.छनौट गर्नु पर्नाको कारणः

आ. छनौट गर्नेकोः-

दस्तखतः................... नाम, थरः........................ ठेगानाः...........................
पदः......................सम्पर्क नं.........................संस्थाको नाम, ठेगाना र छापः................
बोधार्थः १. श्री ...............................क्याम्पस .................
२. श्री....................................(उम्मेद्धवारको नाम)

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

## अनुसूची -४

(दफा २३ सँग सम्वन्धित)

**प्रतिवेदनको ढाँचा**

श्री यातायात व्यवस्था तथा सञ्चार मन्त्रालय,
प्रदेश नं. १ बिराटनगर।

**विषयः- प्रतिवेदन पेश गरेको बारे।**

..........................................बाट छात्रवृत्तिमा छनौट भई ......................वि.सं. ....................मा...............................................विषयमा स्नातकोत्तर अध्ययन गर्न गएकोमा सो अध्ययन सम्पन्न गरेकोले निम्न विवरण सहितको यो प्रतिवेदन पेश गरेको छु ।

प्रतिवेदन पेश गर्नेको
सहीः
नामः
ठेगानाः
मितिः
उल्लेख गर्नु पर्ने विवरणः

क. अध्ययन तह र विषयः

ख. अध्ययन संस्थाको नाम र ठेगानाः

ग. अध्ययनमा गएको स्थानः

घ. हासिल गरेको शैक्षिक योग्यताः

ङ. अध्ययन अवधिभर अध्ययन संस्थानमा प्रयोग भएको पाठ्यक्रमः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

च. अध्ययन अवधिभर आईपरेका समस्याहरूः

छ. समाधान र सुझावहरुः

ज. अध्ययन अवधिभर कुनै पुरस्कार प्राप्त गरेको भए सोको विवरणः

झ. स्नातकोत्तर प्रमाणपत्रको प्रतिलिपिः

ञ. मन्त्रालय प्रतिको दृष्टिकोणः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

प्रकाशन मितिः- २०७९/०६/११

आज्ञाले,
ईश्वर कुमार गिरी
प्रदेश सचिव